नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं :-

मिति :- २०८१/०६/१०

## चिकित्सा शिक्षा DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमको भौतिक उपस्थितिमा हुने म्याचिङसम्बन्धी सूचना

मिति २०८१/०६/०५ गते प्रकाशित चिकित्सा शिक्षा **DM/MCh/NBMS-SS** शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको भौतिक उपस्थितिमा शिक्षण संस्था तथा शैक्षिक कार्यक्रम छनौट गर्न मिति २०८१/०६/१५ गते सञ्चालन हुने म्याचिङ (Open House Matching) देहाय अनुसारको कार्यतालिका बमोजिम हुने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

म्याचिङ कार्यतालिका

| सेसन | शैक्षिक कार्यक्रम/क्रियाकलाप | मिति | समय | कैफियत |
|---|---|---|---|---|
| पहिलो | Registration | २०८१/०६/१५ | ९:००-१०:०० | |
| | Matching Session | २०८१/०६/१५ | १०:३०-१२:३० | |
| | DM Medical Specialties/NBMS-SS | | | |
| | DM Emergency Medicine | | | |
| | DM Neonatology | | | |
| दोस्रो | Registration | २०८१/०६/१५ | १२:००-१:०० | |
| | Matching Session | २०८१/०६/१५ | १:३०-४:०० | |
| | DM Critical Care Medicine/NBMS-SS | | | |
| | MCh Surgical Specialties/NBMS-SS | | | |
| | NBMS-SS Gynae-Oncology | | | |

क. म्याचिङ कार्यक्रम सञ्चालन हुने स्थानः चिकित्सा शिक्षा आयोगको अडिटोरियम हल, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

ख. तोकिएको समयमा स्वयम् उपस्थित भई रजिष्ट्रेशन नगर्ने तथा म्याचिङ हलमा प्रवेश नगर्ने उम्मेदवारहरूलाई म्याचिङमा सहभागी गराइने छैन । प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेको समूहका लागि छुट्याइएको सिटमा मात्र म्याचिङमा सहभागी हुन पाइनेछ ।

ग. म्याचिङमा सहभागी हुने उम्मेदवारहरूले अनिवार्य रूपमा साथमा लिई आउनुपर्ने कागजातहरू:

(१) आयोगवाट जारी भएको एकीकृत प्रवेश परीक्षाको प्रवेशपत्र र स्कोरकार्ड,

(२) नागरिकताको प्रमाणपत्रको सक्कल,

(३) काउन्सिल दर्ता प्रमाणपत्रको सक्कल,

(४) स्नातकोत्तर तहको प्रमाणपत्र र ट्रान्सक्रिप्टको सक्कल,

(५) समकक्षता प्रमाणपत्र (आवश्यक पर्नेको हकमा मात्र)

(६) नेपाल सरकारवाट छात्रवृत्ति वा निःशुल्क अध्ययनको अवसर प्राप्त गरी स्नातकोत्तर तह पुरा गरेका उम्मेदवारको हकमा कवुलियतनामामा तोकिएवमोजिमको सेवाशर्त पूरा गरेको प्रमाणित कागजात (आवेदन फाराम भर्ने सूचनाको बुँदा ७ (८) वमोजिम),

(७) सरकारी समूहतर्फ आवेदन गर्ने उम्मेदवारहरूले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयवाट प्रदान गरिएको अध्ययन अनुमति-पत्र/पूर्वस्वीकृति-पत्र,

(८) खुलातर्फ आवेदन गरेका राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को नियम १६ को उपनियम १ को स्पष्टीकरण वमोजिमका सरकारी चिकित्सकले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयवाट प्रदान गरिएको अध्ययन अनुमति-पत्र/पूर्वस्वीकृति-पत्र ।

घ. विविध:

(१) म्याचिङको नतिजा २०८१/०६/१५ गते नै आयोगको वेवसाइटमा प्रकाशित गरिनेछ ।

(२) अध्ययन अनुमति-पत्र/पूर्वस्वीकृति-पत्रमा उल्लेख भएको विषयमा मात्र म्याचिङ गरिनेछ ।

(३) म्याचिङ हुने उम्मेदवारले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसमेत) मा भएको प्रावधान अनुसार कवुलियतनामा गर्नुपर्ने छ ।

(४) झुठा विवरण पेश गरी म्याचिङ भई भर्ना भएमा कुनै पनि समयमा भर्ना खारेज हुन सक्नेछ।

२०८१।६।१०
धनवहादुर श्रेष्ठ
उपसचिव